# मेरो चुरोटको रामकहानी

**गान्धि राज भट्टराई**

“के हेर्नु भा सर?” मोक्तान माइला दाईले छेउमै आएर एक्कासी सोध्दा म झसंग भएं ।

“केही हैन माइला दाई । तल बसेर पनि के गर्नु भनेर यसै घुम्दै आएर यहां बसेको । दाई कताबाट आउनु भएको नि? कुरिनटारतिर ओर्लनु भएको थियो कि? ” औपचारिकता पुरा गर्दै मैले प्रति प्रश्न गरें ।

“हो सर, घुम्टीआं सामान सक्कियाथ्यो र कुरिनटार गएर लेर आको । ओर्लने हैन सर तल्तीर?”

“भरखर आएको, एकछिनमा आउंछु दाई ।”

“सर, भैरवथानतिर सांझपख एक्लै धेरै नबस्नोला ।”

यति सल्लाह दिएर मोक्तान दाई ओरालो लागे । झमक्क सांझ पर्ने बेला हुन थालिसकेको थियो । तै पनि म पुनः पर्खालको चक्लेटी ढुंगामा बसेर तल गाउंतिर अरु एकछिन हेर्न बसें ।

-o-

म फुजेल आएको तीन महिना भइसकेको थियो । मंसीरमै आफ्नो आइएस्सीको परीक्षा सकिएको थियो । एसएलसीको समय आएकोले माघे सक्रान्तीसम्म एसएलसीको ट्युशन पढाइ सकेर भरखरै विदा गरेको थिएं । अब खाली समयमा काठमाण्डौंको जाडोमा बस्न मन थिएन । शिक्षकको खोजीमा निस्केका गोरखा फुजेलका भैरवाश्रम स्कुलका हेडसरसंग तेतिखेरै भेट भयो । फुजेलबाटै आइएससी पढ्न आएको मेरै एउटा साथीले मेरो बारेमा कुरा गरेको रहेछ । सरले गएर दुई महिना मात्र क्लास चलाइदिए मलाई अर्को सर खोज्ने टाइम पाउथें भनेर अनुरोध गरेकाले चितवन घर गएर बस्न भन्दा छोटो समयको लागि म फुजेल आएको थिएं । तर हेडसरको अनुरोध र आफ्नो पढाइ पनि अहिलेसम्म शुरु नभएकोले अर्धवार्षिक परीक्षा लिएर असारको तलव खाएर हिंड्ने सोचाइ बनाएर बसेको थिएं ।

फुजेल पुग्न कुरिनघाटमा बसबाट ओर्लेपछि एकघण्टा ठाडो उकालो उक्लेर अर्को एकघण्टा तर्पायां तर्पायां हिंड्नुपर्थ्यो । कहिले काहीं शुक्रबार घर आएको बेला आइतवार विहान नारायणघाटबाट हिंडेर दोश्रो पिरियड पढाउन पुग्थें म । नारायणघाटबाट पौने सात बजेको साझा बस चढेपछि आठबजेसम्म कुरिनघाट पुगिन्थ्यो । एकघण्टाको उकालो चढाइपछि मकैसिं पुगेर टन्न चिया खाजा थपेर सांढे नौबजे हिंडेपछि एघार बजेको दोश्रो पिरियड भेट्न पुगिन्थ्यो ।

-o-

बस्ने खाने व्यवस्था उत्तम र निःशुल्क थियो । मेघनाथ सरले सम्मानका साथ राख्नुभएको थियो । विहान बेलुकी फुर्सदै फुर्सद हुन्थ्यो । सरका छोराछोरीहरुलाई प्रशस्त समय दिन सक्थें । छुट्टै धनसारमा माथी लिपपोत गरेर त्यसैमा झ्यालको छेउमा एउटा खटिया राखिएको थियो । तल झरी पर्दा वा तुसारो पर्ने बेलामा एउटा भैंसी र एक हल गोरु बांधिन्थे । अरु बेला भने मल पोस्न भनेर बारीमै बांधिन्थे ।

मेरो ओछ्यान भन्दा अलि पर दुई भकारी अन्न थियो । एक भकारी कोदो र एक भकारी मकै । राती भएपछि कताकताबाट लोखर्केहरु आएर मकै र कोदो खान थाल्दथे । तर मैले कहिले धपाइन, कहिले लखेटिन । एक किसिमले भन्नु पर्दा तिनै जनावरहरु मेरा एकान्तका साथी भएका थिए । राती मधुरो स्वरमा लोक्-खर्के भनेर कराएको संगीत सुन्ने बानी परेको थियो ।

धनसारको मूल घरपट्टिको छेउमा ढिंकी थियो । ढिंकीकै छेउबाट माथि उक्लने लिस्नो थियो । कहिलेकाहीं भाउजुले ढिंकी कुटेको बेलामा चाहिं तलमाथि गर्नै अप्ठेरो हुन्थ्यो । देब्रेतिर फलैंचा सहितको मूलघर चाहिं दुइतले थियो । पिंढीमा जांतो थियो । भाउजु जांतोमा मकै पिंध्थीन् मेघनाथ सर फलैंचामा बसेर हुक्का तान्दथे ।

-o-

साइन्स पढाउन आउने सरको नाम जानीराख्न जरुरी थिएन गाउंमा । आइएससी गरेर पढाउन आएको भए आइएस्सी सर, बीएससी गरेर आएको भए बीएस्सी सर । कतै कतै आइएस्सी सर भनेर मलाई भन्ने गरेको सुनिन्थ्यो । स्थानिय श्रोतको पहाडी विद्यालयमा शिक्षकको संधै नै समस्या पर्ने । अघिल्लो शिक्षक असोजमै हिंडीदिएकाले नौ कक्षामा पढाएर सक्नु पर्ने कुराहरु दश कक्षामा शुरु गर्नु परेको थियो मैले । दश कक्षालाई अतिरिक्त कक्षाहरु लिएर पनि कोर्स धेरै अगाडि बढाइसकेको थिएं । भदौमा टेष्ट परीक्षा हुने र म असारमा गएपछि नफर्कने भएकोले अर्धवार्षिक परीक्षा अघि नै सबै कोर्स सक्ने प्रयास थियो मेरो । आइएस्सीको रिजल्ट नभएकै भए पनि पूरा माध्यमिक तहको तलब भत्ता दिएर सन्तुष्ट पारेका थिए हेडसरले ।

सांढे चार बजेसम्म पढाएर लखतरान भएको ज्यानलाई आराम गरेर सुत्न त मन लाग्थ्यो तर फेरी किन किन भैरवथानको पर्खालबाट फुजेललाई नियाल्ने धित कहिले मर्दैनथ्यो । शुक्रबार र शनिवारको समय कहिले पौवा, कहिले देवकोटा गाउं डुलेर तास खेलेको हेर्दैमा वित्दथ्यो । प्राय: बेलुकी भने एकचोटी भैरवथान पुगेको हुन्थें । मन्दिरको पुजारी पछि शायद म नै थिएं होला त्यो मन्दिर दिनदिनै धाउने । किन धाउंथे, थाहा छैन ।

त्यो दिन पनि झमक्क सांझ पर्ने बेलासम्म पर्खालमा बसेर हेरिरहें । भैरवथानबाट तल हेर्दा पूर्व उत्तर ढलान परेको गाउ पूरै देखियो । तल पुछारबाट बुढी गण्डकी बगेको थियो । बुढी गण्डकी पारी कुमाल र माझीहरुको गाउं थियो । गाउंभरि सुन्तलाका हरिया बोटहरु थिए । भैरवथान भन्दा माथि चाहिं फाट्टफुट्ट लालीगुरांशका बोटहरु भेटिन्थे । बैशाख लागेपछि हेडसरको भाइ ध्रुवसंग माथि तांग्लीचोकतिर गुरांश हेर्न जाने सल्लाह भएको थियो ।

मलाई गएको सातादेखि चुरोट पिउने विचार आएको थियो । त्यसैले त्यो दिन भैरवथानबाट ओरालो लाग्दा ठांटी छेउको घले दाइको दोकानमा पसें ।

"याक चुरोट छ?" मैले पसलको साउजीलाई हेर्दै नहेरी सोधें ।

"ल सर पनि चुरोट खानी?" झसंग भएं म । को बोल्यो भनेर हेरेको त नौ कक्षामा पढ्ने शिवे पो दोकानमा रहेछ ।

"अं शिवे, अब शुरु गर्ने । ले त भाइ एउटा सलाई र बांकी पैसाको याक चुरोट ।" दुई रुपियांमा एउटा सलाई र तीनवटा याक चुरोट पाइने रहेछ । गोजीमा जतनसाथ राखेर घर फर्कें ।

चुरोट लिएर आएदेखि मेरो मन स्थीर भइराखेको थिएन । केटाकेटीहरु सबैलाई छिटै छुट्टि दिएं त्यो राती । बेलाबेलामा अनेक भावहरु आउने र जाने गरिरहेका थिए । मेरो मनमा एक किसिमको द्वन्द चलिरहेको थियो । ल्याउन त ल्याएं तर पिउं कि नपिउं? आ, होस् यत्रो प्लान गरेर ल्याइसकेपछि पिउंछु जस्तो लाग्यो । छेउमा तीन खिली याक चुरोट प्याकेटबाट आधा बाहिर निस्कीराखेका थिए । एउटा चुरोट टिपेर मुखमा राख्नै लाग्दा दश वर्ष अगाडिको घटना याद आयो ।

-o-

मेरो फुपुको छोरा महेश र म उमेरमा दौंतरी थियौं । फुपुको घर याम्पाफांटमा थियो । महेशसंग वर्षको तीन पटक जस्तो मेरो भेट हुन्थ्यो । कहिले तिहारमा फुपु बाबालाई टीका लगाइदिन आउंदा महेशलाई साथी लिएर आउनुहुन्थ्यो । कहिले मंसीरमा जांच सकिएपछि हामी फुपुकोमा जान्थ्यौं ।

एकदिन म फुपुकोमा गएको बेला फुपुले महेश र मलाई खोलेबेसी पठाउनु भयो कुमाल जेठाकोमा । घरबाट अलिकति उकालो उक्लेर डांडामा पुगेपछि हामी पुनः अर्कोपाटो ओरालो झर्न थाल्यौं । तल निकै घना झाडीहरु थियो ।

"दाई, एकछिन पर्खनुस् त ।" म अगाडि हिंड्दै गरेको बेला महेशले अड्कायो ।

“किन? अहिले पानी पर्छ होला । छिटो गएर फर्कौं ।” मैले अडिने मनसाय गरिन ।

यसो महेशलाई हेरेको त उसको एउटा हातमा सलाइ र अर्कोमा पर्वत चुरोट पो रहेछ । महेशले लुकीचोरी छ महिनादेखि चुरोट तान्दै रहेछ । मेरो आफ्नो परिवारमा कसैले चुरोट खाएको थाहा थिएन । केटाकेटीमा भाम्टे दमाई र कालेसार्की दाइहरुले काम गर्न आउंदा चुरोट खाएको नक्कल गरेर पाटको डण्ठीलाई आगोमा भोसेर धुंवा तान्ने वाहेक चुरोटमा हात परेको थिएन ।

“म दिदीलाई भन्दिन्छु ।” मैले फुपुलाई पोल लगाउने डर देखाएं । तर महेशलाई त्यसको असर परेन ।

“म बालाई भन्दिन्छु ।” मैले अर्को थप डर देखाएं ।

बाको नाम सुनेपछि महेश डरायो । म फर्कंदा महेशलाई लिएर फर्कने सल्लाह थियो । महेशलाई आमाको भन्दा मामाको डर लागेछ । बालाई भन्दिने भनेपछि मामाघर जान नपाइएला भनेर अब आइन्दा कहिले खान्न, मामालाई नभन्दिनु भनेर सबै चुरोट र सलाई त्यहीं खोल्साको पानीमा फ्यांकेको थियो महेशले ।

आफुलाई अहिले पनि त्यो खोल्सा त्यहींनेर छ जस्तो भ्रम भयो । पुलुक्क झ्यालबाट बाहिर हेरें तर त्यो खोलेबेसीको खोल्सो फुजेलमा कहांबाट आओस् ।

-o-

द्वन्दमा आखिर म भित्रको राक्षसकै जीत भयो । शरीरभित्र निकोटिन भित्र्याउने निर्णय गरेर काम्दो हातले सलाई कोरेर मैले ‘सम्पत्तिको टुप्पोमा आगो सल्काउने काम’ सम्पन्न गरें ।

चुरोट त तान्ने तर कसरी? कहिले पनि अरुले चुरोट तानेको ध्यान दिएर हेरेको थिइन । सकेजति बल लगाएर धुंवा तानेर हुलें फोक्सो भित्र । मेरी बास्सै । खोकीको ओइरो लाग्यो । बल्ल बल्ल खोकी अडिएपछि पनि तान्न छोडिन । कतिखेर सम्म तानिरहें होशै रहेन ।

होश खुल्दा रातीको दुई बजेको रहेछ । टुकीमा मट्टितेल सकिएर थारो बसेछ निभ्नुभन्दा अघि । रेडियो सुसाइरहेको थियो । कतिखेर श्रीमान् गम्भीर नेपाली भन्यो थाहा भएन । चुरोटको ठुटो झ्यालमै थियो । हेरें आधाभन्दा अलिक बढी तानिसकेको रहेछु । झसंग भएर तल हेरें धनसार संगैको परालको टौवाबाट पराल थुत्दा झ्यालमुनि पनि परालै पराल रहेछ । ठुटो तल खसेर परालमा आगो लागेको भए त्यो रातीको बेला कसैले थाहै नपाई मेघनाथ सरको सम्पत्ति स्वाहा हुने ।

त्यो दिनको परीक्षण सफलता पूर्वक सम्पन्न गरेपछि अरु एक दुई दिन भूमीगत रुपमै चुरोट पिएं मैले । चुरोट पिउन धक मान्नलाई त्यहां मेरो बाबा, काका, मामा कोही त थिएनन् । त्यसको अर्को हप्ता पछि त म सार्वजनिक रुपमै चुरोट पिउने भइहालें ।

एकदिन स्कुलमा हेडसर र म अबेला सम्म काम गर्नु पर्ने भयो । दलबहादुर दाई पियन थिए । टन्न भुटुन मसला हालेर एउटा सिंगै कुखुराको मासु पकाएर ल्याए हाम्रो लागि । रक्सी हामी दुवै पिउंदैन थियौं । कोक फ्यान्टा त्यहां थिएन । मासु चिउरा मोलेर खांदै अंखोरा भरिको पानी धोकेर उकालो लाग्यौं । मेरो भैरवथान जाने कार्यक्रम त्यो दिन भएन ।

“सर, तपाई पक्का चुरोट्याहा हुनुहुन्छ क्यारे ।” पंधेरानिर आइपुग्दा हेडसरले एक्कासी भन्नुभयो ।

“हैन सर, म त्यस्तो चुरोट्याहा हुन्न । कहिले काहीं हो । अब एक दुई दिन पिएर छोडिदिन्छु ।”

मैले आफ्नो वचाउ गरें । हेडसरको भनाइ सुनेर एकछिन त नमज्जा लाग्यो । तर दुःखै पाएपनि भरखर विहे गरेकी श्रीमतीलाई छोडेर हिंड्न गाह्रो भए जस्तै मैले भरखर शुरु गरेको नशा छोड्न गाह्रै भयो ।

असारबाट फुजेल छोडेर बीएससी गर्न काठमाण्डौं फर्के । छ महिना देखिको तलव बचेकै थियो । काठमाण्डौं आएर पनि ट्युशन पढाउन शुरु भयो । त्यही चुरीफुरीमा चुरोटमा परीक्षण गरेजस्तै रक्सीतिर पनि बांकी राखिएन ।

-o-

पांचजना साथीहरु मिलेर सस्तोमा एउटा घरको फ्ल्याट भाडामा लिएका थियौं । कसैको केही नयां खबर सुनेपछि पार्टी भइहाल्ने । खसी खाइसक्नु थिएन महंगो भएर । म्यारिजको खेलसंगै चितवन फ्रेश हाउसको एउटा ब्रोइलर र सान्चाको भट्टीको वासा दुई बोतल एकै रातमा चट भइहाल्थ्यो ।

त्यो ताका मेरो चुरोट पिउने बानीमा परिवर्तन भएको थियो । दिउसो, विहान, बेलुकी पिउन छोडेको थिएं । तर रक्सीको साथी बनाउंदा भने चेन स्मोकर भएको थिएं । एउटा ठूटोमा अर्को झोसेर सोझै तानिरहने प्याकेट खतम नहुंदा सम्म । साथीहरु यसको छेउमा प्याकेट देखाएर राख्नु हुन्न भन्थे ।

तपाईंहरुलाई भनिराखम् । पच्चीस बर्षे बैंस चढेको हो कि शुक्रका दशाले छोएका हुन् बीएससी सकिने बेलामा एउटी केटीसंग अलि हिमचिम बढ्दै थियो मेरो । नाम उर्मिला, झापातिरकी, बीएससी प्रथम वर्षमा आएकी । पहिले त एउटा साथीको गाउंले बहिनी भनेर मदत गरियो । विस्तारै क्लास नोटहरु लिनेदिने क्रम बढ्दै जांदा सांच्चि नै नजिकिन पुगिएछ । एकपटक त उनी मेरो डेरासम्म पनि आएकी थिइन् । तीन महिनाको चिनजान र बोलीचाली पछि भोलिपल्ट उनी र म गोदावरी जाने भयौं । उनको डेराबाट केटासंगै निस्कन अप्ठेरो पर्ने हुनाले उनी मेरो डेरासम्म आउने र त्यतैबाट जाने सल्लाह भयो ।

सुखदुःखका साथीहरु, प्रगतिको प्रतिवेदन साथीहरुलाई नसुनाइ राख्न पनि सकिएन । हरिसंग खुसुक्क भनेको मात्र के थिएं बांकी सबै साथीहरुले घेरा हालिहाले । त्यसैको उपलक्ष्यमा साथीहरुलाई दारुपानी र कुखुरा त्यहि दिन नभइ भएन । एक पटक शुरु भएर रक्सी भित्र पसेपछि बांकी के नै पो रहन्थ्यो र । राती अबेला सम्म बसेर म्यारिज खेलियो । चेन स्मोकिङ्ग पनि छोड्न सकिएन । बीस खिल्लीको प्याकेट पांच भाइ भएर सिध्याइयो सुत्नुअघि । साथीहरु कमै धुम्रपान गर्थे, ज्यादा चुरोट मैले नै उडाएं । भोली उर्मिला कोठाभित्र आउन सक्ने स्थितिलाई ध्यानमा राखेर हरिको कोठामा बसेर पार्टी गरिएको थियो ।

-o-

विहान उठ्नै गाह्रो भयो । बल्ल बल्ल उठेर हात मुख धोएर तयार हुंदै थिएं उर्मिला आइपुगिन् । केटीमान्छे बाहिर उभ्याइराख्न पनि भएन । भित्र बोलाएं । ढोकाबाटै नाक बन्द गर्दै आइन् । कोठामा ठुटा त थिएनन् । हरिको कोठाबाट पिउंदै आएको ठूटो पनि बाहिरै फालेको थिएं । उर्मिलाको अनुहार विग्रियो ।

“हजुर चुरोट पिउनु हुन्छ?” ठाडै सोधिन् उनले ।

मैले चुरोट पिउने कुरा मेरा पीउने साथीहरु बाहेक अरुलाई थाहा थिएन । रक्सी पिउने बेला बाहेक मैले चुरोट तान्ने गरेकै थिइन । त्यसैले एकदिनको लागि भएपनि झुट बोलेर बच्ने विचार गरें ।

“साथीहरु हिजो यहां बसेर पिउंदै थिए । त्यही गन्ध बसेको होला ।”

त्यही बेला हिजोको गडबड खानाले होला बिहान विहानै खाली पेटमा डकार आयो । डकार मात्र आयो के भन्नु । ज्वालामुखी नै विस्फोट भएजस्तो मुखबाट चुरोटको गन्ध ओहिरियो । हतार हतार ट्वाइलेट जाने बहाना गरेर बाथरुमतिर छिरें । भित्र पसेर पेटभरी पानी भरेर तुरुन्तै ह्वाकह्वाक् गरी वान्ता गराएं । आखिर इज्जत र जीवनकै सवाल आएपछि चुरोटको गन्ध हटाउने केही उपाय त गर्नै पर्‍यो । त्यति गरी सकेर चियापत्तीले फेरी कुल्ला गरेर चुइंगम चपाउंदै निस्कें ।

त्यो दिन उर्मिलाले शंका चाहिं गरिछन् चुरोट खाने म नै हुं भनेर । तर मैले हैन भनेर कसम खाएं । आखिर प्यारमा सबै कुरा जायज लाग्छ रे मान्छेलाई । उर्मिलाले घरबाट अत्तर छर्केर हिंडेकोले उनको लुगाले चाहिं चुरोटको गन्ध बोकेनछ । मेरा लुगाबाट दिनभरी धुंवाको हस्को आइरह्यो । गोदावरी घुमाइको आनन्दको धुंवाको गन्धसंगै धमिलियो । छिटै फर्केर रेस्टुरेण्टमा खानपीन गरेर उर्मिलालाई विदा गरेर कोठामा फर्कें ।

दिनभरी बाहिर घुमेर आफु फ्रेस भएर आएकोले होला कोठा खोल्ने वित्तिकै चुरोटको हरक नाकभरी पस्यो । धन्य छ प्रभु, उर्मिलाले विहान ठाडै खुट्टा अस्विकार गरेर फर्किइनछिन् । बेलुकी चुइंगम सकिएपछि मुखबाट पनि चुरोटको हस्को आइरह्यो । त्यतिखेर भने आफैं देखि आफैंलाई घृणा लागेर आयो ।

त्यो राती सपनामा पनि चुरोटको ठूटोले उर्मीलाको कुर्ता पोलिएको देखें । छोडेर जालिन् भनेर रातभरी मुटु ढुकढुक गरिरह्यो । बल्ल बल्ल पच्चीस वर्षमा बसेको मायाप्रेम सफल बनाउने कसम खाएर विहानै कसैले नदेख्ने गरी चुरोट, लाइटर सबै फ्यांकेर आएं । त्यो दिनदेखि रक्सी र चुरोट मुखभित्र हालिन । साथीहरुले धेरै जिस्काए यसले माता उर्मिलालाई चढायो सबै भनेर ।

-o-

त्यसको लगत्तै बीएससीको परीक्षा भएर तीन चार महिनामा रिजल्ट पनि निस्क्यो । तुरुन्तै काठमाण्डौंमै जागिर पनि मिल्यो । उर्मिलाको गाउंले दाजु मार्फत् झापा खबर पुगेपछि उर्मिलासंगै झापा पनि गइयो ।

यतिखेर उर्मिला र मेरो एउटा छोरो पनि छ तीन वर्षको । बेला बेला उर्मिला अझै सोध्छिन् - “नढांटी भनिस्योस्त । हजुरले त्यो दिन सांच्चै चुरोट पिइसेको हो कि होइन?”

मैले अझै सत्य बोलेको छैन ।

**न त प्यास मेट्छ, न त पेट भर्छ**
**यो पाजी चुरोट किन पिउनु पर्छ ?**

अवर्न विश्वविद्यालय, अमेरिका
फेब्रुअरी २०, २००३